सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक

कार्यपालिका बैठक संख्याः ८

आ.व:२०८२/०८३

मिति: २०८२ पुष १

समयः विहान ११:०० बजे

स्थानः सुनापति गाउँ कार्यपालिकाको कार्यालय।

आज मिति २०८२ साल पुष १ गते मंगलबारका दिन सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङ ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| १. श्री ठुलोकान्छा तामाङ | अध्यक्ष |
| २. श्री गीता विष्ट | उपाध्यक्ष |
| ३. श्री ध्रुव प्रसाद चौलागाई | सदस्य |
| ४. श्री पदम बहादुर थापा | सदस्य |
| ५. श्री कुल बहादुर थिङ | सदस्य |
| ६. श्री डण्डुप लामा | सदस्य |
| ७. श्री चित्र बहादुर मानन्धर | सदस्य |
| ८. श्री रिता कामी धमला | सदस्य |
| ९. श्री अविना लामा | सदस्य |
| १०. श्री सुनमाया तामाङ | सदस्य |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य |
| १२. श्री टासी लामा | सदस्य |
| १३. श्री मिन कुमार खाती | सदस्य |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव |

**अन्य उपस्थिति:**

१५. श्री रविन्द्र कुरेल - प्रशासन शाखा

१६.श्री शुक्र बहादुर तितुङ - कार्यालय सहयोगी

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप
आ.व.२०८२/०८३ को आठौं कार्यपालिका बैठक

०१ पुष २०८२
ने.स. ११४६ थिंलागा १२ मंगलबार

| क्र. सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा। | यस सम्बन्धमा विस्तृत छलफल गर्दा अघिल्ला गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | चौमासिक समिक्षा सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को श्रावण देखि कार्तिक सम्मको प्रथम चौमासिक समिक्षा कार्यक्रम जनप्रतिनिधि र कर्मचारीहरुको संयुक्त उपस्थितिमा मितिः २०८२ पौष २१ गते गर्ने निर्णय गरियो। |
| ३ | योजनाको भुक्तानी सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ को योजना भुक्तानी पूर्व अनुगमन समितिले अनुगमन प्रतिवेदन बुझाए पछि कम्तिमा ३ दिनको सार्वजनिक सूचान मार्फत गुनासो माग गरे पश्चात भुक्तानी दिने निर्णय गर्नुको साथै तपसिलको योजनाको गुनासो मागको सुचना प्रकाशन गरी भुक्तानी गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. छाँगाखोला भिरकोट पिपलबोट खानेपानी योजना रु. १ लाख ५० हजार। |
| ४ | एकिकृत घुम्ती शिविर सञ्चालन सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा वार्षिक रुपमा सञ्चालन गर्दै आएको व्यवसाय नवीकरण र दर्ता, योजना सम्झौत र उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम, ज्येष्ठ नागरिक परिचय पत्र वितरण, अपाङ्ग परिचय पत्र वितरण र अद्यावधिक साथै स्वास्थ्य सेवाको लागि मितिः २०८२ पुष २ गते देखि ६ गतेसम्म एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने निर्णय भएकोमा विशेष कारणवस उक्त कार्यक्रम स्थगित भएकोमा सो कार्यक्रम २०८२ पुष १३ गते देखि १७ गते सम्म क्रमश वडा नं. १ देखि सुरु हुने गरी सञ्चालन गर्ने निर्णय गरियो। |
| ५ | पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस सुनापति गाउँपालिकाको यस चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम मितिः २०८२ पुष १७ गते वडा नं. ५ खनियापानीमा सञ्चालन गर्ने निर्णय गरियो। |
| ६ | खेलकुदको भुक्तानी सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वजेट तथा कार्यक्रम अनुसार अध्यक्ष कप र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कार्यक्रम सम्पन्न भई भुक्तानीको लागि विल पेश भएकोमा विनियोजित वजेट अनुसार भुक्तानी दिने र नपुग रकम गाउँसभाबाट स्रोत सुनिश्चित भई वजेट विनियोजन भएमा नियमानुसार भुक्तानी दिने निर्णय गरियो। |

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को आठौं कार्यपालिका बैठक

०१ पुष २०८२

ने.स. ११४६ थिंलागा १२ मंगलबार

<table>
<tr><td>७</td><td>विज्ञापन सम्बन्धमा।</td><td>यस सम्बन्धमा छलफल गर्दा तपसिल बमोजिमको कृषि तथा पशु सेवा तर्फको रिक्त दरवन्दीमा करार सेवामा पदपूर्तिको लागि खुला दरखास्त आह्वान (विज्ञापन) गर्ने निर्णय गरियो।<br>तपसिल:<br>१. कृषि सेवा सहायक चौथो - १ जना (भेट समूह)।<br>२. कृषि सेवा सहायक चौथो -१ जना (ला पो डें ड समूह)</td></tr>
<tr><td>८</td><td>हिंउदे गाउँसभा र सोको कार्यसूचि सम्बन्धमा।</td><td>यस सम्बन्धमा छलफल गर्दा सुनापति गाउँसभा १९ औं अधिवेशन मितिः २०८२ पुष १० गते दिँउसो १:०० बजे सञ्चालन गर्ने र सो गाउँसभाको कार्यसूचि तपसिल अनुसार समय तालिका सहित निर्धारण गरी प्रकाशन गर्ने निर्णय गरियो।<br>तपसिलः
<table>
<tr><th>क्र.सं.</th><th>कार्यसूचि</th><th>प्रस्ताव पेश गर्ने</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>हाल सम्मको आय व्यय विवरण सहितको प्रतिवेदन प्रस्तुत।</td><td>सभा अध्यक्ष</td><td></td></tr>
<tr><td>२</td><td>वेरुजु नियमित गर्ने।</td><td>लेखा समिति संयोजक</td><td></td></tr>
<tr><td>३</td><td>ऐन, नियमावली, निर्देशिका तथा अन्य कानून अनुमोदन।</td><td>सुशासन समिति संयोजक</td><td></td></tr>
<tr><td>४</td><td>बजेट संशोधन र रकमान्तर।</td><td>बजेट तर्जुमा समिति संयोजक</td><td></td></tr>
<tr><td>५</td><td>आर्थिक ऐन, २०८२ संशोधन तथा राजस्व परामर्श समितिको निर्णय र प्रतिवेदन अनुमोदन।</td><td>राजस्व परामर्श समिति संयोजक</td><td></td></tr>
</table></td></tr>
<tr><td>९</td><td>आर्थिक सहयोग सम्वन्धमा।</td><td>तपसिलको व्यक्तिहरुलाई आर्थिक सहायता कोष शिर्षकवाट आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. सुनापति ३ हिलेदेवी बस्ने भक्त बहादुर कार्की: मृगौलाको पत्थरीले असर गरेको र निजको आर्थिक अवस्था कमजोर रहेकोले रु. १५ (पन्ध्र) हजार आर्थिक सहायता प्रदान गर्ने।<br>२. सुनापति २ दिमीपोखरी निवासी छेउमाई तामाङको घाँटीको हड्डी भाँचिएको र निज यस वडाको पूर्व महिला स्वास्थ्य स्वंयसेविका भई आर्थिक अवस्था समेत कमजोर रहेकोले रु. १० (दश) हजार आर्थिक सहायता प्रदान गर्ने।</td></tr>
<tr><td>१०</td><td>मंसिर मसान्त सम्मको आय व्यय विवरण सहितको प्रगति प्रतिवेदन सम्बन्धमा।</td><td>यस सम्बन्धमा छलफल गर्दा सुनापति गाउँसभा १९ औं अधिवेशन मितिः २०८२ पुष १० गते सञ्चालन हुन गइरहेकोले उक्त अधिवेशनमा मंसिर मसान्तसम्मको</td></tr>
</table>

प्रमुख प्रशासकीय अधिकृत

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को आठौं कार्यपालिका बैठक

०१ पुष २०८२

नेे.स. ११४६ थिंलागा १२ मंगलबार

| | | |
|---|---|---|
| | | आय व्यय सहितको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो। |
| ११ | बोलपत्र आह्वान सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रममा बागमति प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान तर्फको "डुमटार पुरणटार घारकोट जोरधारा सडक स्तरोन्नति रु. ५० लाख" र संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान तर्फको कार्यक्रम "मध्यपहाडी लोकमार्ग डहु मा.वि. वडा कार्यालय सडक निर्माण सुनापति ४, रामेछाप रु.४० लाख" का दुईवटा सडक सम्बन्धी योजना एउटै वडा र नजिक रहेकोले गुणस्तरीयताको लागि एउटै शिर्षक " Construction of Road Works of Madhya pahadi Lokmarga Dahu Ma Bi Wada Karyalaya Sadak tatha DumTar PuranTar Ghargot Jordhara Sadak Niram and Staruunnati " कायम गरी एउटै योजना बनाएर बोलपत्र आह्वान गर्ने निर्णय गरियो। |
| १२ | राजस्व परामर्श समितिको निर्णय स्वीकृत सम्बन्धमा। | सुनापति गाउँसभाको १९औं अधिवेशनमा अनुमोदनको लागि पेश हुने सुनापति गाउँपालिकाको राजस्व परामर्श समितिको बैठकबाट भएको निर्णय र प्रस्ताव गाउँसभामा पेस गर्नको लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो। |
| १३ | पशु र वडा छनौट सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा "एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम" कार्यान्वयनको लागि पशुपन्छी र वडा छनौट अन्तर्गत तपसिलको पशु र वडा छनौट गर्ने निर्णय गरियो।<br>तपसिलः-<br>१. पशुः बाखा।<br>२. वडाः वडा नं. १ गुन्सी र वडा नं. ४ बेथान। |
| १४ | निर्णय अनुमोदन सम्वन्धमा। | सुनापति आधारभूत अस्पताल व्यवस्थापन समितिको मितिः २०८२/०८/१६ गतेको निर्णय अनुमोदन गरीयो साथै सो निर्णयको कार्यान्वयन गर्ने समेत निर्णय गरियो। |
| १५ | भुक्तानी सम्वन्धमा। | तपसिलको योजना तथा कार्यक्रमहरुको तोकिएको बजेट शिर्षकबाट भुक्तानी प्रदान गर्ने निर्णय गरियो।<br>१. सुनापति आधारभूत अस्पताललाई २४ सै घण्टा सञ्चालनको लागि सादी डाँडा होटल थिङ्लाबाट अस्पतालसम्म सोलार खरिद, पोल खरिद र ढुवानी भई जडान गरिएकोले सोको भुक्तानी आधारभूत अस्पताल उपकरण र अन्य सामाग्री व्यवस्थापन शिर्षकमा रहेको रु. २० (बीस) लाख |

प्रमुख प्रशासकीय अधिकृत